घरपझोङ गाउँपालिका

## गाउँ कार्यपालिकाको २४औं बैठकको निर्णयहरु

मिति २०८०।८।२०

**प्रस्ताव नं. १ :-**

अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

**निर्णय नं. १ :-**

कार्यपालिकाको मिति २०८०।७।१९ गते बसेको २३औं बैठकमा भएका निर्णयहरुको प्रगति समिक्षा गरियो । निर्णय नं. ६ बमोजिम आर्थिक सहयोगका लागि सम्पर्कमा नआएको हुँदा भुक्तानी नभएको र १ नं. र ५ नं. वडाहरुको पर्खाल निर्माण गर्ने सम्बन्धी कार्य र जिल्ला प्रहरी कार्यालयमा शौचालय निर्माण गर्ने कार्यहरु चिसो बढेकोले चिसो घटे सँगै तुरुन्तै निर्माण कार्य प्रारम्भ गर्ने जानकारी भयो ।

**प्रस्ताव नं. २ :-**

पर्यटन सूचना केन्द्र स्थापना सम्बन्धमा ।

**निर्णय नं. २ :-**

जीविकोपार्जन पुनरुत्थानका लागि दिगो पर्यटन परियोजना (STLRP) र यस गाउँपालिकाको लागत साझेदारीमा रु.२५,००,०००।- (पच्चीस लाख) को लागतमा यस गाउँपालिका ४ नं. वडा जोमसोममा रहेको कालीगण्डकी नदीको पक्की पुल नजिक रहेको प्रतिक्षालय संगै रहेको खाली सार्वजनिक जग्गामा पर्यटन सूचना केन्द्र निर्माण गर्ने साथै ३ नं. वडा पुथाङमा रहेको कृषि संकलन केन्द्रको तलतिर रहेको सार्वजनिक खाली जग्गामा सार्वजनिक शौचालय निर्माण गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ३ :-**

वेलीबृजको डि.पि.आर. सम्बन्धमा ।

**निर्णय नं. ३ :-**

चालु आ.ब.को संघीय विशेष कार्यक्रम अन्तर्गतको स्वीकृत वेलीबृज निर्माण योजनाको डि.पि.आर. तयार गरी निर्माण कार्यको प्रक्रिया अगाडी बढीसकेकोले डि.पि.आर.तयार गर्नका लागि आवश्यक खर्च रु.४,९५,०००।- गाउँपालिकाको परामर्श शीर्षकबाट भुक्तानी हुनेगरी अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ४ :-**

सडक बोर्डबाट प्राप्त रकमको योजना कार्यान्वयन सम्बन्धमा ।

**निर्णय नं. ४ :-**

सडक बोर्ड नेपालबाट चालु आ.ब.को स्वीकृत कार्यक्रम अनुसार योजना छनौट गरी पठाउनु पर्ने भएको हुँदा यस गाउँपालिकाको लागि विनियोजन भएको रु.२३,००,०००।- बाट मार्फा गाउँ-धमाङ-आलुवारी सडकको स्तरन्नोती गर्ने । उल्लिखित सडकको स्तरोन्नती गर्नका लागि प्राविधिकबाट



निर्णय प्रमाणित
०८०।०८।२०

रु.२९,७५,०००।- को ल.ई. तयार भएकोले नपुग रकम रु.६,७५,०००।- गाउँपालिकाको समपूरक कोषबाट भुक्तानी हुने गरी प्रक्रिया अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ५ :-**

भूमि वर्गीकरण सम्बन्धमा ।

**निर्णय नं. ५ :-**

यस गाउँपालिकाको भूमि वर्गीकरण गर्ने सम्बन्धमा आगामी गाउँसभाबाट आवश्यक बजेटको सुनिश्चित हुने गरी भूमि वर्गिकरणको प्रक्रिया अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ६ :-**

डिजिटल भिलेज प्रोफाईल सम्बन्धमा ।

**निर्णय नं. ६ :-**

गाउँपालिकाको डिजिटल भिलेज प्रोफाईल तयार गर्ने सम्बन्धमा आगामी गाउँसभाबाट आवश्यक बजेटको सुनिश्चित हुने गरी डिजिटल भिलेज प्रोफाईल तयार गर्ने सम्बन्धी प्रक्रिया अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो । साथै यस गाउँ कार्यपालिकाको कार्यालयमा रहने गरी डिजिटल नागरिक वडा-पत्र राख्ने र डिजिटल नागरिक वडा-पत्रको प्रभावकारिताको आधारमा वडा स्तरमा समेत डिजिटल नागरिक वडा-पत्र राख्ने व्यवस्था गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ७ :-**

छैरो-तिब्बतियन क्याम्प जाने बाटो मर्मत सम्बन्धमा ।

**निर्णय नं. ७ :-**

यस गाउँपालिकाको १ नं. वडा अन्तर्गत छैरो-तिब्बतियन क्याम्प जानेबाटो भासिएकोले उक्त बाटो मर्मत गर्नका लागि प्राविधिकको ल.ई बमोजिमको खर्च हुने रकम रु.२०,९००।- यस गा.पा.को प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ८ :-**

बसपार्कको गेट मर्मत तथा RCC ढलान गर्ने सम्बन्धमा ।

**निर्णय नं. ८ :-**

यस गाउँपालिकाको ४ नं. वडा जोमसोममा रहेको बसपार्कको फलामको मुख्य गेट मर्मत गर्नु पर्ने र मुख्य गेटबाट बसपार्क प्रवेश गर्ने स्थानमा RCC ढलान समेत गर्नु पर्ने भएकोले उक्त कार्य गर्नका लागि प्राविधिकको ल.ई बमोजिमको रु.५,१४,६८०।६६ र ३ नं. वडाको एक्लेभट्टीमा रहेको बसपार्कमा र ४ नं. वडा जोमसोममा रहेको दुवै बसपार्कमा विद्युत लाईन जडान गर्ने र सि.सि.टि.भी. (सेट) जडान गर्न लाग्ने रु.३,००,०००।- गरी जम्मा रु.८,१४,६८०।६६ गाउँपालिकाको विविध तथा अन्य पूर्वाधार शीर्षकबाट भुक्तानी गर्ने गरी कार्यक्रम सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ९ :-**

खेलग्रामको कार्य अगाडी बढाउने सम्बन्धमा ।

**निर्णय नं. ९ :-**

चालु आ.ब. मा संघीय शसर्त अनुदान तर्फ खेलकुद पुर्वाधार निर्माण योजनाको लागि वडा नं. ४ को लागि रु.१६,००,०००।- बजेट विनियोजन भएकोमा स्थानीयतहमा खेलकुद पुर्वाधार निर्माण सम्बन्धी कार्यविधि, २०७५ बमोजिम थप गर्नुपर्ने ५०% प्रतिशत रकम रु.१६,००,०००।- घरपझोङ गा.पा.को समपुरक कोषबाट व्यहोर्ने र जोमसोम कवर्डहल निर्माण शिर्षकमा प्राप्त भएको रु.२०,००,०००।- गरी जम्मा रु.५२,००,०००।- बाट जोमसोम कवर्ड हलको भुइको फिनिसिङ गर्ने, कालीगण्डकी नदी तर्फको काललाई पूर्णता दिने, २ वटा शौचालय तयार गर्ने र झ्याल ढोकाको काम गर्ने गरी कार्य अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १० :-**

शालीग्राम पार्कमा बेन्च मर्मत तथा रंगरोगन सम्बन्धमा ।

**निर्णय नं. १० :-**

जिल्ला प्रशासन कार्यालय मुस्ताङको नजिक रहेको शालीग्रम पार्कमा रहेको बेन्चहरु मर्मत गरी रंगरोगन गर्नका लागि प्राविधिकको ल.ई बमोजिम रु.२७,६७४।३० आवश्यक पर्ने हुँदा विविध खर्च शिर्षकबाट खर्च गर्ने गरी कार्यक्रम अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ११ :-**

स्थानीय बाल अधिकार समितिलाई पूर्णता दिने सम्बन्धमा ।

**निर्णय नं. ११ :-**

यस गाउँपालिकाको बाल अधिकार संरक्षण तथा सम्बर्धन सम्बन्धी कार्यविधि, २०८० को दफा १४ बमोजिम स्थानीय बाल अधिकार समितिको गठन सम्बन्धी व्यवस्था अन्तर्गत तपसिल बमोजिमका सदस्यहरु तोक्ने निर्णय गरियो ।

**तपसिल :-**

ख) गाउँपालिकाले तोकेको महिला वडा सदस्य सहित २ जना वडा सदस्य :-

१) श्री दुर्गादेवी रसाइली, वडा सदस्य १ नं. वडा

२) श्री लक्ष्मी थकाली, वडा सदस्य ५ नं. वडा

ग) गाउँपालिकाले तोकेको माध्यमिक विद्यालयका प्रध्यानाध्यापक मध्ये १ जना सदस्य :

१) श्री रामचन्द्र अधिकारी, प्रध्यानाध्यापक, जनहित माध्यमिक विद्यालय, जोमसोम

घ) गाउँपालिकाले तोकेको बाल अधिकार सम्पर्क शिक्षक मध्ये १ जना सदस्य :

१) श्री विममान थकाली सम्पर्क शिक्षक, जनवाल माध्यमिक विद्यालय, मार्फा

ङ) गाउँपालिकाले तोकेको सूचीकृत समाजसेवी वा सामाजिक कार्यकर्ता वा बाल मनोविज्ञ वा बाल विशेषज्ञ मध्ये १ जना सदस्य :

१) श्री चन्द्र बहादुर थकाली, समाजसेवी, ४ नं. वडा जोमसोम



निर्णय प्रमाणित
०८।०१।०८।२०

ञ) बाल अधिकार, बाल संरक्षण वा बाल न्यायका क्षेत्रमा कार्यानुभाव भएका व्यक्ति वा संस्था मध्येबाट गाउँपालिकाले मनोनयन गरेका कम्तीमा १ जना महिला सहित २ जना सदस्य :

१) श्री रजनी शेरचन (पूर्व शिक्षक), ४ नं. वडा जोमसोम

२) श्री शेर बहादुर गुरुङ (पूर्व शिक्षक), ३ नं. वडा पुथाङ

ञ) गाउँपालिका भित्रका अस्पताल वा स्वास्थ्य संस्था मध्ये गाउँपालिकाले मनोनयन गरेका १ जना प्रतिनिधि सदस्य :

१) श्री निश्चल वि.क. मार्फा स्वास्थ्य चौकी

**प्रस्ताव नं. १२ :-**

सुझाव कार्यान्वयन सम्बन्धमा ।

**निर्णय नं. १२ :-**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.२७४ मिति २०८० कार्तिक २२ गतेको पत्र साथ संलग्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगको च.नं.२२३२८ मिति २०८०।७।१५ गतेको पत्र साथ संलग्न २२ बुँदे सुझावहरुका बारेमा जानकारी भयो । सुझावमा उल्लेख भए बमोजिम गर्ने गराउने सन्दर्भमा यस गाउँपालिका प्रतिबद्ध रहेको सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १३ :-**

बाटोको बिजुली बत्तीको पोलमा एलईडि स्ट्रीप लाईट राख्ने सम्बन्धमा ।

**निर्णय नं. १३ :-**

यस गाउँपालिकाको मुख्य गाउँ र बजार क्षेत्रमा रहेका सार्वजनिक बिजुली बत्तीका पोलहरुमा यस गाउँपालिकाका अध्यक्ष श्री मोहन सिंह लालचनज्यूले पाउने सेवा सुविधाको निजको खातामा जम्मा हुने रकमबाट एलईडी स्ट्रीप लाईट जडान गरिदिने भएको व्यहोरा यस गाउँ कार्यपालिकालाई जानकारी भयो । साथै उक्त कार्यको लागि धन्यवाद दिने र बिजुली प्रयोग भए वापत बिजुलीको बिलको रकम गाउँपालिकाबाट भुक्तानी गर्ने समेत सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १४ :-**

जाजरकोट तथा रुकुमपश्चिम भुकम्प पीडितलाई आर्थिक सहयोग गर्ने सम्बन्धमा ।

**निर्णय नं. १४ :-**

जाजरकोट तथा रुकुमपश्चिम केन्द्रबिन्दु भएर हालै गएको भुकम्पबाट पीडित नागरिकको लागि आर्थिक सहयोग स्वरुप यस गाउँपालिकाका अध्यक्षज्यूबाट रु.१०,०००।-, उपाध्यक्ष लगायत कार्यपालिका सदस्यज्यूहरुबाट रु.५०००।- का दरले र वडा सदस्यज्यूहरुबाट रु.२०००।- का दरले आर्थिक सहयोग गर्ने सर्वसम्मत निर्णय गरियो । साथै उक्त सहयोग रकम निजहरुको सेवा सुविधा वापत मंसिर महिनामा बैंक खातामा जम्मा हुने रकमबाट कट्टी गरी एकमुष्ट रुपमा प्रधानमन्त्री दैबी प्रकोप उद्धार कोषमा जम्मा गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित ।

०८०।०८।२०